# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, फागुन २ गते २०३४ साल**

श्री ५ को सरकार

**भूमिसुधार मन्त्रालयको**

**सूचना**

जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११ ख. ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले हाल चलिरहेको काठमाडौं शहरी क्षेत्रको नापीको सिलसिलामा कुनै गल्ती वा त्रुटी भएको देखिएमा वा सरकारी जग्गा, सार्वजनिक जग्गा, गुठी अधीनस्थ जग्गा मिची दर्ता गरे गराएको देखिएमा सो सुधार गराउन वा नाप नक्शा गरी दर्ता गर्ने सम्बन्धमा कुनै सामान्य समस्या उठेको देखिएमा सो सुल्झाउन देहायबमोजिमको समिति गठन गरेको छ।

(१) प्रमुख जिल्ला अधिकारी, काठमाडौं – – – – – अध्यक्ष
(२) भूमि प्रशासक, काठमाडौं – – – – – – सदस्य
(३) सम्बन्धित वडाको सदस्य – – – – – – सदस्य
(४) नापी अधिकृत – – – – – – सदस्य–सचिव

खण्ड २७ मिति २०३४।७।२९ संख्या ३० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यससम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरेको छ।

आज्ञाले–
नारायणविक्रम शाह
श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८०९

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।